ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETINS

BROADCAST 18.40HRS DATE 01.05.2024

**लोकसभा इलेक्सन**

देशमा लोकसभा चुनाउको तेस्रो चरणका लागि प्रचार चरममा छ। प्रमुख राजनीतिक दलहरूका शीर्ष नेताहरू आ- आफ्ना उम्मेदवाररूका लागि समर्थन जुटाउने सकेसम्म प्रयास गरिरहेछन्। यस चरणमा दस राज्य र दुइवटा केन्द्रशासित प्रदेशहरूमा सात मईका दिन मतदान हुनेछ।

**पोस्टल बेल्लट सोरेङ**

यता राज्यमा सोरेङ जिल्ला प्रशासनिक केन्द्रलाई आज सेवा मतदाताहरूका चारवचटा डाक मतपत्रहरू प्राप्त भयो। डाक घरका अधिकृतले यी मतपत्रहरू महकुमा अधिकारी मंगलबारे श्री गिदेन लेप्चालाई आयोगको मानदण्ड अनुरूप सीलवन्ध गरी स्ट्रङ रूमा राखिएको छ। यस अवसरमा विभिन्न राजनीतिक पार्टीका चुनाउ एजेन्टहरू पनि उपस्थित थिए। जिल्ला अधिनका चारवटा समष्टिहरूका लागि अहिलेसम्म जम्मा एक सय छब्बीसवा डाक  मतपत्रहरू प्राप्त भएका छन्।

**एसएसडिएमएम मिटिङ**

सिक्किम राज्य आपदा प्राधिकरणको तत्वावधानमा आज गान्तोकको टाशीलिङ सचिवालयमा वर्षायाम सूर्वको तयारी बैठक बस्यो। सम्वन्धित विभाग प्रमुखहरू डिआईजी रेञ्ज  छ वटै जिल्लाका जिल्लाधीशहरू अग्नि शमन तथा आपतकालीन सेवा होमगार्ड... तथा नागरिक रक्षा लगायत विभिन्न विभागका वरिष्ट अधिकारीहरूसितको बैठकको अध्यक्षता गर्दै मुख्य सचिव श्री विजय भूषण पाठकले आपदा सावधानीसित सम्वन्धित प्रभावी सूचना तन्त्र तयार पार्ने पानीवाट उत्पन्न हुने रोगहरूको रोकथामबारे जागरूक र प्रमुख पर्यटक स्थलतर्फ जाने वाटोहरूको निर्माण तथा मरम्मति कार्यलाई द्रुत गतिमा अघि बढ़ाउने परामर्श दिनुभएको छ।

यसमा सम्बन्धित विभागका अधिकारीहरूले विभागको तर्फबाट गरिएको तयारी र कार्यहरूबारे जानकारी दिए। बैठकमा सिक्किम राज्य आपदा प्रबन्धन प्राधिकरणसित प्रभावी संचार तथा सम्पर्कका लागि आ आफ्ना विभागको तर्फबाट एकजना नोडल अधिकारी मनोनित गर्ने सुझाउ दिइएको छ।

**ईन्सपेक्सन जीएलओएफ(गल्फ)**

मंगन जिल्लाको खाद्य नागरिक आपुर्ति तथा उपभोक्ता मामिला विभागको टोलीले आज लाचेनमा हिमनदी झील फुटेर आएको बाढ़ी अर्थात गल्फ प्रभावित सरकारी खाद्य गोदामको निरीक्षण गर्नका साथै लाचेन जुम्साका पीपन र गेम्वोज अर्थात वरिष्ठ नागरिकहरूसित बैठक आयोजन गर्यो।

निरीक्षणपछि टोलीले वर्षायामको तयारी उपायको रूपमा राशिन कार्ड धारक लाभार्थीहरूलाई पाँच छ महीनाको अवधि सम्मका लागि कम्तीमा पनि छ सय कुइन्टल खाद्य सामग्री भण्डारणका लागि अस्थायी वैकल्पिक स्थान चयन गरेको छ।

जिल्ला खाद्य तथा नागरिक आपुर्ति अधिकारी श्री पाल्देन एन लाचुङपा अनुसार विभागले गत अक्तूवर महीनामा टिस्टा बाढीको घटनापछि दिसम्वर महीनासम्म सार्वजनिक वितरण प्रणालीका

सामग्रीहरूको वितरण गरेको छ भने अर्को चरणका लागि जुम्साबाट आग्रह गरिएपछि वितरण गरिनेछ।
उहाँले भन्नुभयो विभागले जनवरीदेखि मार्च महीनासम्मका लागि तीन सय एकाउन्न कुइन्टल पिडिएस चामल पठाएर भण्डारण गरेको छ।
आवश्यकताको समयमा यथासम्भव सहयोगका लागि पिपनहरूले विभाग र राज्य सरकारप्रति आभार प्रकट गरे।

## लेबर डे

श्रमिकहरूका योगदानको सम्मान गर्नका लागि आज अन्तर्राष्ट्रिय मजदूर दिवस मनाइयो।
यस दिनलाई मई दिवसको रूपमा पनि जानिन्छ।
मई दिवसको उद्देश्य विश्वमा आर्थिक र सामाजिक अधिकारहरू प्राप्त गर्नमा श्रमिकहरूका बलिदानको स्मरण गर्नु हो।

## म्यासेज मई डे

यसैबीच राज्यपाल श्री लक्ष्मण प्रसाद आचार्य र मुख्यमन्त्री श्री प्रेमसिंह तामङले श्रम दिवसको अवसरमा सिक्किमका मानिसहरू विशेष गरी श्रमिकहरूलाई बधाई दिनुभएको छ।
आफ्नो सन्देशमा राज्यपालले भन्नु भएको छ श्रमिकहरू हाम्रो देशको अर्थ व्यवस्थाको आधारशीला भएकाले उनीहरूका अधिकार तथा सुरक्षा र सुविधा सुनिश्चत गर्नु हामी सबैको प्रथम दायित्व हो
उहाँले राज्यवासीहरूसित श्रमिकहरूका योगदानको सम्मान गर्दै अधिक विकासशील समाज निर्माण गर्ने अपील गर्नुभएको छ।
मुख्यमन्त्री श्री तामङले समाज निर्माणमा अमूल्य योगदानका लागि श्रमिकहरूप्रति सम्मान व्यक्त गर्नु भएको छ र भन्नुभएको छ उनीहरूको अथक समपर्णले गर्दा राज्यको भविष्य उज्जवल छ।
मई दिवसमा सबैले श्रमिकहरूको अधिकार तथा कल्याण सँगै प्रत्येक कार्यबलको समानता सुरक्षा र समृध्दिको परिवेश सृजना गर्ने प्रतिबद्धता व्यक्त गर्नुपर्ने खाँचोमा जोड़ दिँदै मुख्यमन्त्रीले राज्य भित्रका सबै कम्पनी र संस्थानहरूसित श्रमिकहरूलाई सहयोग गरिरहने आग्रह गर्नु भएको छ।
उहाँले श्रमिकहरूको अभूतपूर्व सेवाका लागि राज्यको श्रम विभागप्रति विशेष आभार प्रकट गर्नुभएको छ।

## डिजी एआईआर

भारतीय सूचना सेवाकी वरिष्ठ अधिकारी मौसमी चक्रवर्तीले आज आकाशवाणी समाचारको महानिदेशकको पदभार ग्रहण गर्नुभयो।
१९९१ ब्याचकी आई- आई-एस अधिकरी श्रीमती चक्रवर्तीमा प्रेस सूचना ब्यूरो र केन्द्रीय संचार ब्यूरो लगायत सूचना तथा प्रसारण मन्त्रालयका धेरै मीडिया संगठनहरूमा कार्यको ब्यापक अनुभव छ।
तीन दशकभन्दा अधिक समयको आफ्नो सेवाकालमा उहाँले राष्ट्रिय मानवाधिकार आयोगमा र क्याविनेट मन्त्रीको निजी सचिवको रूपमा पनि काम गर्नुभयो।